प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक

Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : २१ ■ २०८३ भदौ २८ गते आइतबार ■ Sunday, 13 Sept. 2026 ■ मूल्य रु. ७।-

**सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं**

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

*अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## सत्तापक्ष सांसदको आवाज प्रतिपक्षको हतियार

◆ सत्तारुढ दलभित्रकै असहमति प्रतिपक्षका लागि राजनीतिक हतियार बन्न थालेको छ । ◆ सरकारको आलोचना आवश्यक भए पनि जिम्मेवार नेता–कार्यकर्ताले तथ्य र मर्यादाको सीमा नाघ्नु हुँदैन । ◆ जनताले खोजेको नयाँ राजनीति अन्धसमर्थन होइन, संस्थागत निर्णय र जिम्मेवार खबरदारी हो ।

खगेन्द्र कार्की



दमक । सहिद परिवारको भावनासँग जोडिएको विषयमा रास्वपाका महामन्त्री विपिन आचार्य र सांसद कान्तिशिखा धितालले दिएका अभिव्यक्तिप्रति सहिदका बुवा गणेश चौलागाईले सार्वजनिक रूपमा असन्तुष्टि जनाए । 'सहिद परिवार कसैको छायामुनि बस्ने परिवार होइन' भन्दै उनले जिम्मेवार पदमा बसेका नेताले बोल्दा विवेक पुऱ्याउन आग्रह गरे । यो एउटा व्यक्तिको असन्तुष्टि मात्र होइन, सत्तारूढ दलका नेताहरूको सार्वजनिक अभिव्यक्ति कति जिम्मेवार हुनुपर्छ भन्ने गम्भीर प्रश्न पनि हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकार सञ्चालनमा यतिबेला यस्तै प्रश्नहरू एकपछि अर्को उठिरहेका छन् । सरकारका कामकारबाहीबारे आफ्नै सांसदले प्रश्न उठाउनु लोकतन्त्रमा अस्वाभाविक होइन । बरु सत्तापक्षभित्रैबाट आउने खबरदारीले सरकारलाई सच्याउने अवसर दिन्छ । तर प्रश्न उठाउने नाममा सार्वजनिक मञ्चबाटै सरकार र आफ्नै नेतृत्वलाई कमजोर बनाउने अभिव्यक्ति आउन थाले भने त्यसको राजनीतिक मूल्य महँगो पर्न सक्छ ।

रास्वपाका केही सांसदका पछिल्ला अभिव्यक्तिले यही प्रश्न जन्माएका छन् । अमरेशकुमार सिंहदेखि आशिका तामाङ, खगेन्द्र सुनार, प्रमोद न्यौपाने, कान्तिशिखा धिताल र महामन्त्री विपिन आचार्यसम्मका सार्वजनिक टिप्पणीलाई एउटै दृष्टिले हेर्न मिल्दैन । उनीहरूको मनसाय फरक हुन सक्छ, विषय पनि फरक हुन सक्छ । तर सत्तारूढ दलका सांसदले बोलेको हरेक शब्द विपक्षीका लागि राजनीतिक सामग्री बन्ने यथार्थबाट भने उनीहरू अलग रहन सक्दैनन् ।

प्रतिपक्षले सरकारको कमजोरी देखाउनु उसको राजनीतिक धर्म हो । तर सत्तापक्षकै सांसदले तथ्य, प्रमाण र संस्थागत छलफलभन्दा बाहिर गएर त्यही आलोचनामा थप मसला थप्न थाले भने प्रश्न उठ्छ(यो सरकारलाई सुधार्ने प्रयास हो कि आफ्नै सरकारलाई कमजोर बनाउने अभ्यास?

यसको अर्थ सत्तारूढ दलका सांसदले सरकारको आलोचना गर्नु हुँदैन भन्ने होइन । संसद् सरकारलाई प्रश्न गर्ने र खबरदारी गर्ने प्रमुख थलो हो । तर असहमति राख्ने पनि एउटा विधि हुन्छ । पार्टीभित्र छलफल गर्ने, तथ्य परीक्षण गर्ने, सम्बन्धित नेतृत्वसँग संवाद गर्ने र आवश्यक परे संसद्मा स्पष्ट धारणा राख्ने बाटो हुँदाहुँदै हरेक विषय सामाजिक सञ्जाल र सार्वजनिक मञ्चमा पुऱ्याउनु परिपक्व राजनीतिक संस्कार मान्न सकिँदैन ।

रास्वपाले भने पछिल्लो समय पार्टी र सरकारबीच समन्वय बढाउने प्रयास पनि गरिरहेको छ । मन्त्री तथा केन्द्रीय सदस्यलाई पार्टी कार्यालयमा नियमित छलफलमा सहभागी गराउने, सांसदहरूबीच संसदीय दल र सरकारको समन्वयबारे छलफल गर्ने तथा नेतृत्वबीच संवाद बढाउने अभ्यास त्यसका उदाहरण हुन् । यसले पार्टीभित्र असहमति सुन्ने र समाधान खोज्ने संरचना बनाउन खोजिएको देखिन्छ ।

तर समन्वयको प्रयास हुँदैमा सबै असहमति समाप्त भएका छन् भन्ने होइन । मन्त्रीको जिम्मेवारी, सरकार सञ्चालन, पार्टी संगठन र नेतृत्वबीचको भूमिकाका विषयमा बेलाबेलामा फरक धारणा सार्वजनिक भइरहेका छन् । यी विषयलाई तत्काल 'विभाजन'को संज्ञा दिन न्यायोचित नहोला । तर यस्ता संकेतलाई बेवास्ता गर्नु पनि बुद्धिमानी हुँदैन । हिजोका ठूला दलको प्रवृत्तिबाट हरेक कुरा रास्वपाले सिक्नु जरुरी छ ।

रास्वपाले आफूलाई पुराना दलको कार्यशैलीको विकल्पका रूपमा स्थापित गर्न खोजेको हो । जनताले उसबाट फरक राजनीतिक संस्कारको अपेक्षा गरेका छन् । त्यसैले नयाँ दलका नेताले पुराना दलकै शैलीमा सार्वजनिक आरोप(प्रत्यारोपको राजनीति दोहोऱ्याउनु हुँदैन ।

अहिले देश बाढीपहिरोको पीडामा छ । भोटेकोशी बाढीबाट ठूलो मानवीय र भौतिक क्षति भएको छ । राज्यका सबै संयन्त्र राहत, उद्धार, पुनःस्थापना र सेवा पुनःसञ्चालनमा केन्द्रित हुनुपर्ने बेला हो । यस्तो परिस्थितिमा सत्तारूढ दलको प्राथमिकता सरकारभित्रको असहमति सार्वजनिक प्रदर्शन गर्नु होइन, नागरिकको पीडा कम गर्नु हुनुपर्छ ।

रास्वपाका लागि अहिलेको अवस्था संकटभन्दा बढी परीक्षा हो । आफ्नै सांसदका प्रश्नलाई दबाउने होइन, सुन्नुपर्छ । तर प्रश्नलाई पार्टीभित्रै समाधान गर्ने संस्थागत क्षमता पनि देखाउनुपर्छ । सरकारका कमजोरी सच्याउने र सरकारकै विश्वसनीयता जोगाउनेबीच सन्तुलन कायम गर्न सक्नु नै राजनीतिक परिपक्वताको प्रमाण हुनेछ ।

सत्तारूढ दलका नेताले बोलेको बाँकी ४ पेजमा ▶▶

## दमकमा किरियापुत्री भवन शिलान्यास




दमक नगरपालिका-७ स्थित सिर्जना टोलमा रहेको रामजानकी मन्दिर परिसरमा किरियापुत्री भवन निर्माणका लागि शनिबार शिलान्यास गरिएको छ । नगरप्रमुख राम थापाले एक कार्यक्रमबीच भवनको शिलान्यास गरेका हुन् । भवन निर्माणसँगै मन्दिरको संरक्षण, प्रचारप्रसार र धार्मिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रममा नगर उपप्रमुख रेगिना भट्टराई प्रसाईं, वडा नं. ७ का वडाध्यक्ष भीम पौडेल, टोल विकास संस्थाका पदाधिकारी, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तथा स्थानीय बासिन्दासहितको सहभागिता थियो ।

शिलान्यास कार्यक्रममा नगरप्रमुख थापाले आर्थिक रूपमा कमजोर तथा असहाय परिवारलाई आफन्तको निधनपछि किरियाकर्म गर्न सहज होस् भन्ने उद्देश्यले भवन निर्माण गर्न लागिएको बताए । मृत्यु संस्कारका बेला आवश्यक स्थान र व्यवस्थापन जुटाउन आर्थिक समस्या भोगिरहेका परिवारका लागि भवन उपयोगी हुने उनको भनाइ थियो । सार्वजनिक प्रयोजनका लागि निर्माण हुने यस्ता संरचनाले समुदायमा सहयोग, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना पनि बलियो बनाउने उनले बताए ।

नगरप्रमुख थापाका अनुसार २०७० सालमा स्थापना भएको रामजानकी मन्दिर पर्याप्त प्रचारप्रसार र पूर्वाधारको अभावमा अपेक्षाकृत रूपमा ओझेलमा परेको छ । किरियापुत्री भवन निर्माणसँगै मन्दिर परिसर व्यवस्थित हुने र यसको धार्मिक तथा सामाजिक पहिचान विस्तार गर्न सहयोग पुग्ने उनले बताए । स्थानीय सरकार जनताको प्रत्यक्ष आवश्यकतासँग जोडिएका सामुदायिक पूर्वाधार निर्माणमा प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले निर्माणपछि संरचनाको संरक्षण र उचित सञ्चालनमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुने बताए ।

दमक नगरपालिकाको ७४ लाखको स्टिमेट लागत रहेपनि ६० लाखको ठेक्कामा काम भईरहेको वडा नं. ७ का वडाअध्यक्ष भीम पौडेलले बताए । उनका अनुसार सो भवन निर्माणसँगै त्यहाँ रहेको जानकी मन्दिरलाई व्यवस्थित, आकर्षक र सुविधासम्पन्न बनाउने लक्ष्य रहेको छ । मन्दिर र किरियापुत्री घर छुट्याउँन उत्तरपट्टि कम्पाउण्ड लगाए पछि मन्दिरका गतिविधिमा कुनै असर नपर्ने पनि उनले उल्लेख गरे ।

तीन तलाको लागत स्टिमेट भएपनि तत्कालको लागि ट्वाइलेट, बाथरुमसहित दुई परिवारले काजकिरिया गर्न कुनै कठिनाई नहुने गरी निर्माण हुने बाँकी ४ पेजमा ▶▶

## इन्द्रजात्राका साइत सार्वजनिक

दमक । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको इन्द्रजात्राका विभिन्न साइत सार्वजनिक गरेको छ । समितिका अनुसार इन्द्रजात्रा प्रक्रिया भाद्रपद शुक्ल द्वितीयादेखि सुरु हुनेछ ।

इन्द्रध्वजाको लिङ्गोका लागि रुख काट्न वनयात्रा जाने साइत भदौ २८ गते बिहान ९:५३ बजे र रुख काट्ने साइत राति ८:४७ बजे रहेको छ । भक्तपुरको चित्तपोल वनबाट रुख काट्ने परम्परा छ ।

लिङ्गो नगर प्रवेश गराउने साइत असोज ३ गते बिहान ८:०५ बजे तथा इन्द्रध्वजोत्थानको साइत असोज ७ गते बिहान ७:४७ बजे तोकिएको छ । मुख्य दिन असोज ९ गते तल्लो टोलमा र असोज १० गते माथिल्लो टोलमा रथयात्रा हुनेछ ।

असोज १३ गते महिलाले मात्र रथ तानेर नानीचा यात्रा गर्नेछन् । सोही दिन राति ९:२५ बजे इन्द्रध्वजाको लिङ्गो ढाल्ने साइत रहेको समितिले जनाएको छ । लिङ्गो ढालेपछि कुमारी, गणेश र भैरवको दर्शन तथा प्रसाद ग्रहणसँगै १३ दिन लामो इन्द्रजात्रा समापन हुनेछ ।

## श्रमदाताको सरसफाई अभियान ६१ औं हप्तामा



दमक । श्रम संस्कृति पार्टीका श्रमदाताहरुको सरसफाई अभियान ६१ औं हप्ताको श्रमदान सम्पन्न भएको छ । शनिबार उनीहरुले दमक र कमलको बीचमा रहेको रतुवाको दमक ७ मा पर्ने रतुवा किनारमा सरसफाई गरेका छन् ।

श्रमदाता इन्द्र एवोईले उक्त मार्गलाई रविमार्गमा जोडिने भन्दै यसलाई रिङरोड बनाउने योजना रहेको उल्लेख गरे । विशेष गरेर उक्त खोलाको तटबाट विहान वा बेलुकी स्थानीयबासीलाई रमाइलो गर्ने, स्वच्छ हावा खाने, स्थानको रुपमा रुपान्तरण गरिँदै लगिएको छ । सो स्थानमा धेरै कासलगायतका झाडी भएकोले यसलाई सरसफाई गरिएको उनले बताए । उनले श्रम संस्कृति पार्टीका नगरसमितिले दिएको स्थानमा हरेक हप्ता सरसफाई बाँकी ४ पेजमा ▶▶

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)

# कुशे औंसीमा सयबढी ज्येष्ठ नागरिक सम्मानित



◆ रोहित काफ्ले

भद्रपुर । कुशे औंसी अर्थात् बाबुको मुख हेर्ने दिनको अवसर पारेर भद्रपुर नगरपालिका( ३ ले वडाभित्रका १२० जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ । ज्येष्ठ नागरिकप्रति सम्मान, आत्मीयता र सामाजिक उत्तरदायित्वको भावना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उनीहरूलाई मिष्ठान्न भोजनसहित सम्मान गरिएको हो ।

भद्रपुर-३ को वडा कार्यालयमा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिक समिति भद्रपुरका अध्यक्ष हेमप्रसाद खनालको प्रमुख आतिथ्य तथा वडाध्यक्ष हेमबहादुर कार्कीको अध्यक्षता रहेको थियो । कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकलाई एक(एक थान छाता, खादा र फूलका गुच्छा प्रदान गरिएको थियो ।

बाबुको मुख हेर्ने दिनलाई पारिवारिक पर्वमा मात्र सीमित नराखी समाजका अग्रज पुस्तालाई सामूहिक रूपमा सम्मान गर्ने अवसरका रूपमा कार्यक्रम आयोजना गरिएको वडाले जनाएको छ । सहभागी ज्येष्ठ नागरिकले आफूहरूलाई सम्मान गरिएकोमा खुसी व्यक्त गर्दै यस्ता कार्यक्रमले सामाजिक अपनत्वको अनुभूति गराउने बताएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि हेमप्रसाद खनाल, विशिष्ट अतिथि झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष तथा राप्रपा भद्रपुर नगर समितिका अध्यक्ष राजकुमार राई, वडाका ज्येष्ठ नागरिक समितिका उपाध्यक्ष पदमप्रसाद अधिकारीलगायतले शुभकामना मन्तव्य राखेका थिए । वडा सदस्य भुवाकुमारी पुलामी मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन वडा सचिव खिलकुमार राईले गरेका थिए ।

**ज्येष्ठ नागरिकप्रति निरन्तर चासो**

भद्रपुर-३ ले ज्येष्ठ नागरिकलाई लक्षित गरी विगतदेखि नै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । वडाले प्रत्येक वर्ष ज्येष्ठ नागरिकलाई अवलोकन भ्रमणमा सहभागी गराउँदै आएको जनाइएको छ । यस वर्ष भने भ्रमणसँगै उनीहरूको सामाजिक योगदानको कदर गर्ने उद्देश्यले सम्मान कार्यक्रमसमेत आयोजना गरिएको हो ।

जीवनको लामो समय परिवार, समाज र राष्ट्रका लागि योगदान गरेका अग्रज पुस्ताको सम्मान गर्नु सामाजिक दायित्व भएको स्थानीयको भनाइ छ । उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकलाई आर्थिक सहयोगसँगै आत्मीयता, सम्मान र सामाजिक अपनत्वको आवश्यकता हुने भएकाले स्थानीय तहबाट यस्ता कार्यक्रम सञ्चालन हुनु सकारात्मक रहेको सहभागीहरूले बताएका छन् ।

**निजी लगानीमा सम्मान**

ज्येष्ठ नागरिक सम्मान कार्यक्रम वडा कार्यालयको नियमित बजेटबाट मात्र नभई जनप्रतिनिधि तथा सामाजिक व्यक्तिहरूको निजी लगानीमा आयोजना गरिएको जनाइएको छ । कार्यक्रममा विशिष्ट अतिथि राजकुमार राई, वडाध्यक्ष हेमबहादुर कार्की तथा वडा सदस्यहरूको निजी लगानी रहेको जानकारी दिइएको थियो ।

सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्नो व्यक्तिगत स्रोत र समयसमेत सामाजिक काममा लगानी गर्दा समुदायमा आपसी सहयोग र सद्भावको वातावरण निर्माण हुने स्थानीयको बुझाइ छ ।

**अग्रज पुस्ताको अनुभवलाई सम्मान**

कार्यक्रमका वक्ताहरूले ज्येष्ठ नागरिकको अनुभव, ज्ञान र सामाजिक योगदानलाई नयाँ पुस्तासँग जोड्न आवश्यक रहेको बताएका थिए । समाजमा संयुक्त परिवारको संरचना परिवर्तन हुँदै जाँदा कतिपय ज्येष्ठ नागरिकले एक्लोपन र सामाजिक दूरीको अनुभव गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले उनीहरूलाई समुदायमै सक्रिय र सम्मानित बनाइराख्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने उनीहरूको भनाइ थियो ।

वडाले विकास निर्माणसँगै सामाजिक सम्बन्ध र मानवीय पक्षलाई समेत प्राथमिकता दिँदै ज्येष्ठ नागरिकका लागि अवलोकन भ्रमण र सम्मानजस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ । कुशे औंसीका अवसरमा गरिएको सम्मानले अग्रज पुस्ताप्रति कृतज्ञता व्यक्त गर्ने संस्कारलाई समुदायस्तरमा बलियो बनाउने अपेक्षा गरिएको छ ।




## मोटरसाइकल दुर्घटना, चालकको मृत्यु

विराटनगर । विराटनगर महानगरपालिका(३ पोखरीया स्कुलनजिकै शनिबार बिहान भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा विराटनगर(९ बसपार्कका ४५ वर्षीय रविकुमार कामत रहेका छन् ।

प्रहरीका अनुसार कञ्चनबारीबाट भट्टा चोकतर्फ जाँदै गरेको को ५ प २१७० नम्बरको मोटरसाइकल बिहान करिब १:५५ बजे अनियन्त्रित भएर सडकछेउको बिजुलीको पोलमा ठोक्किएको थियो ।

## साहित्य

# ‘कर्मको ऐना’



**मनोज कार्की**

योजना कसैले बुन्छ, श्रेय कसैले बटुल्छ,
मेहनत कसैले गर्छ, नाम अरुले कमाउँछ।
पसिनाको मूल्य जब पराइले लेख्छ,
मौन आँखाभित्र पनि प्रश्न जन्माउँछ।
हिजो विरोधका स्वर चर्काउनेहरु आज,
किन अचानक एउटै स्वरमा गाउन थाले ?
हिजो टाढा(टाढा उभिएका ती पाइला,
आज स्वार्थको चौतारीमा कसरी भेटिए ?
समय बदलियो कि अनुहारको रङ्ग बदलियो,
विचार फेरियो कि केवल हिसाब बदलियो ?
हिजो खैरो उतार्ने ओठ आज फूल बोकेर,
कुन मौसमको स्वागतमा यति आतुर भयो ?
फूल पाउनु ठूलो कुरा होइन यहाँ,
फूल योग्य कर्मले पाउनुपर्छ।
ताली पाउनु ठूलो कुरा होइन यहाँ,
तालीभन्दा पहिले चरित्र चाहिन्छ।
पद केही समयको पाहुना मात्र हो,
कुर्सी सधैँ कसैको हुँदैन।
आज शक्ति हातमा होला कसैको,
समय सधैँ एउटै पक्षमा हुँदैन।
आफ्नै अनुकूल घेरा बनाएर,
आफ्नै निर्णयलाई सत्य नठान।
आफ्नै वरिपरि ताली बज्नेहरु राखेर,
संसारले तिम्रो जयजयकार गर्छ नठान।
योग्यता देखेर डराउने संस्कारले,
संस्थाको उचाइ कहिल्यै बढाउँदैन।
अरुको क्षमता छायामा पारेर,
आफ्नो सूर्य धेरैबेर चम्कँदैन।
कसैको श्रमको श्रेय खोसेर,
आफ्नो इतिहास उज्यालो हुँदैन।
अरुको योगदान मेटेर लेखिएको नाम,
समयको कापीमा धेरै टिक्दैन।
नियम अरुका लागि मात्र होइन,
आफ्ना लागि पनि उस्तै हुनुपर्छ।
समयको पाठ पढाउने ओठले,
आफ्नो पाइला पनि समयमै चाल्नुपर्छ।
विधि सबैका लागि एउटै होस्,
न्याय सबैका लागि बराबर होस्।
मन परेको मान्छेलाई छुट दिने होइन,
योग्यलाई अवसर दिने संस्कार होस्।
चाकडीका स्वर मीठा हुन सक्छन्,
तर सत्यको स्वर अझ गहिरो हुन्छ।
क्षणभर भीडले ताली बजाए पनि,
चरित्रको फैसला समयले गर्छ।
स्वार्थले गाँसेका सम्बन्धहरु,
स्वार्थ सकिएपछि कहाँ टिक्छन् र ?
सत्यले गाँसेका सम्बन्धहरु मात्र,
समयको आँधीमा पनि बाँच्छन्।
आज कसैलाई कमजोर ठानिएला,
भोलि त्यही मौनता बोल्नेछ।
आज कसैको आवाज दबाइएला,
भोलि त्यही आवाज इतिहास बन्नेछ।
कागजमा आदर्श लेख्दैमा,
व्यवहारमा आदर्श जन्मिँदैन।
ओठले सेवा भन्दैमा मात्र,
मनको स्वार्थ लुकिँदैन।
समयको लेखा कसैले मेट्न सक्दैन,
कर्मको ऋण कसैले छेक्न सक्दैन।
आज लुकाइएका साना(साना कुरा,
भोलि ठूलो प्रश्न बनेर उठ्न सक्छन्।
सत्ता पाएर विनम्र हुन सक्नेहरु,
साँच्चै नेतृत्व गर्न योग्य हुन्छन्।
सत्ता पाएर घमण्ड गर्नेहरु,
आफ्नै छायासँग पराजित हुन्छन्।
नामभन्दा ठूलो कर्म हो,
पदभन्दा ठूलो चरित्र हो।
धनभन्दा ठूलो इमान हो,
शक्तिभन्दा ठूलो सत्य हो।
त्यसैले व्यक्ति होइन, प्रवृत्ति बदलौँ,
आरोप होइन, आत्मसमीक्षा गरौँ।
आफ्नो होइन, साझा हित सोचौँ,
अधिकारसँगै कर्तव्य पनि सम्झौँ।
आज तिमी निकै शक्तिशाली देखिन सक्छौ,
तर समय शक्तिभन्दा बलवान् हुन्छ।
कर्मको ऐनामा जब अनुहार हेर्नुपर्छ,
त्यहाँ केवल सत्य बोल्ने गर्छ।
फूलको माला क्षणभर ओइलाउन सक्छ,
तर सत्कर्मको सुवास ओइलाउँदैन।
तालीको आवाज हराएर जान सक्छ,
तर असल कर्मको प्रतिध्वनि हराउँदैन।
भोलि इतिहासले नाम खोज्दा,
पदको परिचय मात्र पर्याप्त हुनेछैन।
त्यहाँ सोधिनेछ के छोड्यौ पछाडि ?
उत्तर कर्मबाहेक अरु केही हुनेछैन।
त्यसैले आजै आफूलाई सोधौँ,
हामी पद खोज्दैछौँ कि प्रतिष्ठा ?
हामी ताली खोज्दैछौँ कि सत्य ?
हामी स्वार्थ खोज्दैछौँ कि सद्भाव ?
समय चुप छ भन्दैमा नठान,
समयले केही देखेको छैन।
ऊ मौन छ, तर स्मृति तेज छ,
उसले कुनै कर्म बिर्सेको छैन।
अन्ततः सबै पर्दा हट्नेछन्,
सबै मुखुण्डा आफैँ झर्नेछन्।
त्यस दिन न पद बोल्नेछ, न पहुँच,
केवल कर्मका पानाहरु पल्टिनेछन्।
त्यसैले कर्म यस्तो गरौँ,
ऐनामा आफ्नै आँखासँग डराउन नपरोस्।
नाम यस्तो बनाऔँ, समयले सम्झँदा,
कसैलाई लाज मान्न नपरोस्।　　- शिक्षक, इटहरी

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# मुस्तफा कमाल पाशा



◆ सुमित्रा सिंह

**टर्की : आधुनिक टर्कीका निर्माता**
**जन्म : सन् १८८१ मृत्यु : सन् १९३८**


कमाल अतातुर्क, जसलाई मुस्तफा कमाल पाशाको नामले पनि चिनिन्छ, टर्की गणतन्त्रका संस्थापक थिए । कमाल पाशाको जन्म टर्कीको एक साधारण परिवारमा भएको थियो । प्रारम्भमा उनले कुस्तुनतुनियाको सैनिक स्कुलमा शिक्षा प्राप्त गरे । बिस्तारै-बिस्तारै उनका विचारहरूमा क्रान्तिकारी परिवर्तन आयो र उनले यसको लागि जेलको यातना पनि भोग्नु पर्यो। सैनिकको रूपमा उनले आफ्नो देशको महान् सेवा गरे, उनले अनेक युद्धहरूमा भाग लिए र गेलीपोलीको युद्धमा ब्रिटेनका सेनाहरूलाई हराए ।

टर्कीको कुस्तुनतुनिया नामक नगर शुरूमा रोमन साम्राज्यको राजधानी थियो । रोमन शासकहरूले कुस्तुनतुनियालाई नयाँ रोमको नाम दिएका थिए । त्यसपछि जस-जसले, जसमा ओटोमान शासक पनि शामेल थिए, टर्कीमाथि राज्य गरे, कुस्तुनतुनियालाई संसारको राजनीतिको केन्द्र बनाउने प्रयत्न गरे । ब्रिटेन, रूस र फ्रान्सले यहाँबाट हुँदै कालो सागरतर्फ बढ्ने प्रयत्न गरे । त्यस समय ‘यंगटर्क मानिसहरूले ओटोमान साम्राज्यलाई समाप्त गरेर आधुनिक टर्कीको स्थापना गरे । यिनीहरूमा कमाल अतातुर्कको नाम प्रमुख रूपमा लिइन्छ । उनले त्यहाँको राजधानी हटाएर अंकारालाई नयाँ राजधानी बनाए र टर्की गणतन्त्रको स्थापनापछि कुस्तुनतुनियाको नाम इस्तानबुल राखियो ।

त्यस समय अतातुर्कले टर्कीको राष्ट्रपतिको पद सम्हाले । राज्य-सत्ता सम्हालेपछि अतातुर्कले धार्मिक कानुनहरूलाई समाप्त गरिदिए । उनले धर्मको बदला राष्ट्रलाई अधिक महत्व दिए । उनले शिक्षा तथा सामाजिक विकासतर्फ अधिक ध्यान दिएर टर्कीद्वारा पाश्चात्य सभ्यता अपनाउनमा विशेष जोड् दिए । आज टर्की कठमुल्लाहरूको चंगुलबाट मुक्त छ । तर जहाँ एकातर्फ पाश्चात्य सभ्यता फले-फुलेको छ, त्यहीं प्राचीन संस्कृति पनि स्थिर छ। आजको टर्कीमा पुरातन र नवीनको अद्भुत सम्मिश्रण देख्न पाइन्छ ।

## मनोरञ्जन

# चलचित्र “बा” असोज ९ देखि प्रदर्शन हुने




दमक । चलचित्र ‘बा: एक योद्धा’ को नयाँ प्रदर्शन तय भएको छ । गत भदौ १० गते आएको भोटेकोशी बाढीका कारण १९ भदौ १९ गतेदेखि प्रदर्शन आउने चलचित्र अब असोज ९ गते प्रदर्शनमा आउने भएको छ ।

शुक्रबार कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनको अवसर पारेर चलचित्रको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि निर्माण टिमले बाढी पीडितलाई दुई लाख रुपैयाँ सहयोग गर्दै यो फिल्म मंसिर २४ गतेलाई प्रदर्शन गरिने भनिएको थियो । तर अहिले वितरणसँग सल्लाह गरेर ९ असोजलाई प्रदर्शन मिति फाइनल गरिएको निर्माण युनिटले जनाएको छ ।

‘वितरक तथा प्रदर्शकसँग सल्लाह गरेर ‘बा : एक योद्धा’लाई असोज ९ गते प्रदर्शनमा आउने निष्कर्षमा पुगेका छौं’, निर्माता वसन्त लम्सालले भने, ‘यो मितिमा हामीलाई दर्शकसँगै सबै पक्षको साथ मिल्नेमा हामी विश्वस्त छौं ।’

नेपाली समाजमा परिवारमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, सङ्घर्ष र जीवनभर झेल्ने चुनौतीहरू ‘बा : एक योद्धा’को मुख्य कथा रहेको छ । हरि लम्सालको लेखन तथा निर्देशन रहेको फिल्म ‘बा: एक योद्धा’मा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापा मुख्य भूमिकामा छन् ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ २८ गते
आइतबार
13 Sept. 2026
तिथि: द्वितीया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | कारोबारमा सफलता । पराक्रम बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नातेदारमा सहयोग । अध्ययनमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रबाट सहयोग । उत्तम भोजन । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | यात्रामा कष्ट । शत्रुको भय । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | कारोबारमा सफलता । अतिथि सत्कार । |
| कन्या | टो प पी पू ष ण ठ पे पो | रोजगारीको अवसर । माता, पिताको सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्ममा रुचि । असल मानिसको सहयोग । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | मनमा अशान्ति । शारीरिक कष्ट । |
| धनु | ये यो भा भी भू धा फा ढ भे | मित्रबाट सहयोग । कार्यमा सफलता । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बौद्धिकताको विकास । रोजगारीको अवसर । |
| कुम्भ | गू गे गो सा सी सू से सो द | पढाईमा रुचि । शत्रु परास्त । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कार्यमा बाधा । खर्च बढ्ने । |

# झापाका कैदीबन्दीद्वारा बाढीपीडितलाई ३ लाख बढी सहयोग



झापा । झापा कारागारका कैदीबन्दीहरूले भोटेकोशी बाढीपीडितका लागि ३ लाख ३३ हजार ३३३ रुपैयाँ राहत सहयोग प्रदान गरेका छन् ।

झापा कारागारमा शनिवार आयोजित एक कार्यक्रमका बीच उक्त राहत रकम कारागारका आन्तरिक प्रशासन प्रमुख मनोज लावतीले झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई हस्तान्तरण गरेका हुन् ।

सोही अवसरमा 'बन्दी स्मारिका'को विमोचन प्रजिअ पोखरेलले गरे। कार्यक्रमका प्रमुख अतिथि प्रजिअ पोखरेलले कैदीबन्दीहरूको यो कार्यको प्रशंसा गर्दै धन्यवाद दिए ।

उनले आफूले पाउने गाँस र सुविधाबाट भाग काटेर बाढीपीडितलाई सहयोग पुऱ्याउनु ठूलो मानवीय कार्य भएको बताए। कारागार जीवनलाई सुधारको अवसरका रूपमा लिन आग्रह गर्दै नियमित ध्यान र अध्ययन गर्नाले रिस तथा आवेग नियन्त्रण गर्न सहज हुने उनले उल्लेख गरे ।

साथै, बन्दीहरूलाई सीप सिक्न जरुरी रहेको औंल्याउँदै आवश्यक सीप पहिचान भएमा तालिमको व्यवस्था प्रशासनले मिलाउने प्रतिबद्धतासमेत उनले जनाए ।

केही दिनअघि मात्र सरुवा भएर झापा आएका प्रमुख जिल्ला अधिकारी पोखरेललाई कैदीबन्दीका तर्फबाट सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी प्रमुख बसुन्धरा खड्का, झापा कारागार प्रमुख रेवन्त भट्टराईलगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। बन्दी विकास पुस्तकालयका सभापति मनोज लावतीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सोही पुस्तकालयका सचिव रमेश पोखरेलले गरेका थिए ।

अन्तर्राष्ट्रिय

# नेपाल एसीसी प्रिमियर कपको च्याम्पियन



नेपाल एसीसी प्रिमियर कपको च्याम्पियन बनेको छ । शनिबार मलेसियाको क्वालालम्पुरमा भएको फाइनलमा यूएईलाई ४५ रनले हराउँदै नेपालले उपाधि जितेको हो ।

उपाधिसँगै नेपालले एसिया कपमा स्थान पक्का गरेको छ । प्रिमियर कपको विजेता टोली एसिया कपका लागि छनोट हुने प्रावधान छ । नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको यूएई २६८ रनमा अलआउट भयो । यूएईका राहुल चोप्राले शतक बनाए पनि टोलीलाई जिताउन सकेनन् । उनले ११५ रन बनाए । त्यस्तै शोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रित सिंहले ३३ र खुजैमा तनवीरले १५ रन बनाए ।

नेपालका करण केसीले ३ तथा ललित राजवंशीले २ विकेट लिए । सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल र गुल्सन झाले एक-एक विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३१३ रन बनाएको थियो । नेपालका लागि आसिफ शेखले शतक बनाए । उनले १०६ बलमा ८ चौका र ४ छक्कासहित १०४ रन बनाए ।

गुल्सन झाले ५२ रनको अर्धशतकीय पारी खेले । अर्जुन कुमालले ४३ र कप्तान रोहित पौडेलले ४० रन बनाए । दीपेन्द्रसिंह ऐरीले १८, बसिर अहमदले १५, इशान पाण्डेले १३, सन्दीप जोराले ७, करण केसी र ललित राजवंशीले १-१ रन बनाए । यूएईका इब्रार अहमदले ४ तथा खुजैमा तनवीरले २ विकेट लिए । हैदर अली र अदीब उस्मानीले एक-एक विकेट लिए

मौसमी हाँस्य - व्यंग्य

# "मिल्ती" र "फुट्ती"-को रोग हरिराम र ऐंसेलु झाँगेमा पनि सरेछ !

-: व्यंग्यनारान पाँडे :-

अत्यन्त डराएको वा धेरै थाकेको जस्तै लुत्रुक्क देखिने हरिराम बाजे, आज बिहान परेको एक झर्को पानीमा भिज्दै, आँगनको गेट खोलेर भित्र पस्तैगर्दा मात्र पाँडेले देख्यो । केही हप्ता अघिसम्म लगभग दिन्हौं जसो टुन्न मातेर आउने र 'नेपाल-मेड अरिजिनल ओली-ब्राण्ड'-ले चर्चित अहंकारी, घमण्डी, बखेडे, फतुरे, डेउढे, छुल्याहा, लुच्चो-छुच्चो व्यहोराको धक्कु हाँक्थ्यो । र, हरेक पटक अन्त्यमा 'केही नलाग्ने भएपछि' पोहोर भदौ २४ गते कोही भागे जस्तै' दुम दबाएर भाग्थ्यो । तर, बीचका केही हप्ता पाँडेकहाँ नआएको ऊ आज ती त्यसरी आएको देख्ता पाँडेले मनमनै -'आज के भएर यो यसरी ओइलाएर आयो फेरि हँ ? पक्कै कुनै घटना भएकाले गन्गनाउन आएको होला' मन्ने अनुमान लाएको थियो ।...

साँच्चै ऊ लोते-लोते पाराले पाँडेको बार्दलीमा उक्लियो र सानो टुल चाहिँ अलिक पछाडि तानेर बसेपछि लामो सास तान्यो र भन्यो-"खोइ हओ मलाई त त्यो ऐंसेलु झाँगे हन्मतले एस ठाउँमा बस्न नदिने भो हओ पाँडेजी ! कैले मुसीकी मम्मीको, कैले रामदुलारी र कैले कस्को बात लाउने जैसा कुरा गर्दै हिन्छ अरे । कसैले मेरो नाम उचार्णासात 'म त तेसको नाम लिनासात मुक कुल्ला पो गर्छु' पनि भन्दै हिन्छ अरे !"..

पाँडेले उसका कुरालाई महत्व नदिए जस्तो भान पार्न पर-पर बाटोतिर आँखा डुलाउँदै भन्यो - "अनि मृत्युपछि पनि सँगसँगै सोर्ग-सँगसँगै नर्क जाने भनेर यस क्षेत्रमा गतिविधि गर्ने गठबनधन गरेको भनेर फुर्ति हाँकिहिन्थ्यौ त तिमेरू ? अहिले के भो र ओख्खर-पांग्रा भयौ त फेरि हँ ? फ्याट्ट मिल्ने, मिलेका बेला एक-अर्काको 'सात खुन माफ' भन्या जस्तो गर्ने, फेरि को 'एक नम्बरी हुने' - को 'दुई नम्बरी हुने' भन्ने अहमत्याइँको रडाको गरेर फुट्ने अनि गुरुप्रसाद मैनालीको 'परिबन्द' कथा जस्तै मच्चडको निउँमा उकुर्जीका बखेडा उठाएर एकार्कालाई फँसाउन दौढधूप गर्ने अनि त्यसमा जित्नेले हार्नेको पानीखेदो गर्ने मूर्खता घरिघरि तिमी र ऐसेलु झाँगेका बीचमा किन हुने गर्छ हँ ? उही 'उखाने-बखाने बा' भर्सेस 'मुन्टो र कुम नचाएर सँधै ढाँट कुरा कथुर्ने' दुई नेता जस्तो क्या ! भैगो ल, छोड यो खुराफात, फेरि कुन दिन कैलु बिहारीको ठर्रा-दारु दोकानको छाप्रोमा मात्त्न पुग्छौ र अँगालो मारेर माया-पिरतीको गीत गाइरहेको भेटिन पनि सक्छौ तिमेरू !"

पाँडेले भनेका कुरा उसको खोपडीमा कति पस्न सक्थ्यो र भला ! उसले एकोहोरो सुन्यो-सुन्यो र फेरि मुखले लामो सास तानेर नाकबाट फ्याँकेपछि भन्यो -"पैलो कुरो त कोर्रिआको उन्निफिक्केसिन चरच नामक किस्थानको मन्धिरतिराड औतारमा आकी मुन माता क्या त हाँक जा हान्मुन भगोति माता ? ... ती क्या त पोरप्रार काटमाडुँमा पर्कट भकी ट्याममा हामेरका बा मउसुपले पर्दानमन्त्रीकै हइसेतले सोल्टी कि सोल्टिनी हुटेलाँ ओड्ने-ओछ्याउने, कुम्लो-कुटुरो, सुइझारल्यानदेखुन् झिकाको खानेपानीका बदल सइत चा-चार रात बासै बसेर भक्तिभाउले भज्जन-कीर्तन गरेर चाइँनेकेरे ती भगोती माताबड 'गुट गोबरम्याननाँस एभाट्' भन्दै एक लाक डल्लर पुरुस्कार पनि फुस्काका थेनन्, क्या त ? ती क्या त 'होल्ली ह्वाइन्' ब्राणको सोर्गको पइत्र दारु बोकेर किस्थानी इस्टाएलको सोरूपमा सोर्गबड ओर्लेर लास्टाँ कोरिआ देसको पिलेन चढेर प्रकट ..."

उही सत्रौं पटक सुनेर कान थोत्रिसकेको कुरा तन्काएर हरिरामले दिन चर्लक्कै खाने छाँट देखाएपछि उसलाई उछिन्दै पाँडेले भन्यो -" भई गो, त्यो बेलिबिस्तार किन लाइराखेको हओ बाजे ! मलाई जम्मै थाहा छ । बरू तिमेरकी ती मुन भगवती माता बारे के भन्न खोजेको तिमीले, त्यो चाहिँ भन न ।"

उसले सम्हालिएको आभास दिँदै भन्यो -"ती भगोती मुन माता भ्याखान परिछिन् नि ! बिचारी नउ-नउ जाना छोराछोरीकी मम्मी र्त्यासी बर्खकी मैला भगोती माता ! ...हन हामेरका टप-टप नेता मउसुपहेरू पनि...छ्या: । तिनै मुनको कम्पनीको अर्जिनिल ब्रान 'होल्ली ह्वाइन् नामक दरु' सुइँठ्याउन र 'गुट गोबरनाँस एभाट' पाउने लच्छे पूरा गर्णकै लागि तेत्रो भक्ति गरेका रछन् अनि अैले चइँ नसुन्या भ्याइँ गर्छन् भनम् भने पनि अैले भोटे बाढीतिर लाग्नु पर्या छ, 'आँखा छोपी पोल्टिसको खेती गर्णु परया छ' ! 'साँच्चो कुरो भनम भने भन्नइँ नहुने' त यो पोल्टिस मोराको जातै हो ! ....भन्ने मेरा मुनमा आ'पछि पेटाँ भामट हेडेक भो कि अन्तखेरी मैले दारु-उरु खाने हेबिट मबड एब्दमै गेटाउट गरें । अैले म दारुको निसाले एब्दम इस्टडली चापेर सारै पर्दा मत्तै भद्रपुरमा तो माल, माने गाँजा-भाङ र बाउन् सुग्गर, ...बेत्ने 'गेप्पे साउ'-काँ सुटुक्क ग'र चाइँनेकेरे सर्काका हिसापले दाम तिरेर कैले ए'दुई सर्का र पोइसोले पुग्धाहुँदी चार्पान सर्कासम्मनर पनि तान्छु । तो पढ्के जाँडक्सी त 'कम्पेट्ली नट् एल्लाउ' नै छ नि मेरा मुखाँ अस्ति ती भगोती भ्यालखान परेकी निउच बोडकास भका दिनदेखुन् ! अैले गोजीमा सुको नभकै ट्याममा तो घट्ना घटेर एक दिस्टकोनले त सन्जोक ठिक्ठिकै जस्तो पो परेछ भनम् न ।"

पाँडेले झर्को मान्दै भन्यो -"अनि किन मलाई सुनाइराखेको त्यो तिम्रो थोत्रे कुरा ?"

उसले जिउ मराकमुरुक हल्लायो र निधार चाउरी पार्दै घोर्ले स्वरमा भन्यो -"अनि अगि किन म र तो ऐंसुलु झाँगे फेरि कैले तेइ बेहारीको छाप्रे दारु दोगानमा मात्त्न पुगेर फेरि-पुनहँ मिल्ती गरेर गीद गाउँछौ होला भनेर सस्पेट गरेको त ? म कुरो मत्तै होइन कुरोको हजुरबाऊ पनि बुद्छु क्या ! म न त कुनै तुक्का जोडेर मनमोइनी कुरा हाँक्न जान्ने व्याक्ति हुँ न तो ऐंसेलु झाँगे नै बोल्दा मुन्टो र कुम हल्लाउने बानी भाको व्याक्ति हो । हामेरको मिल्ती र छुट्तीले अरू-अन्ने तपइँहर्लाई के खति भइराख्या छ र तपइँले तेसरी सेटाइरिङ गरेका त अन्तखेरी ? झाँगे लम्फु र मेरो फेन्सिप र अफेन्सिप त हामेरको निझा माम्लो हो ! एस्मा अरूहर्ले इन्टेस् राख्ने कामै छैन । एस एरिआको छेत्रमा 'निस्पच्छे कमिनिस पच्छे'-को पनि 'निस्पच्छे एम्माले पच्छे'-का हामेरू दोडाका एस्तै निस्पच्छे एट्टिबिटिचले कत्रो पर्भाउ पारिराख्या फ्याट् कुरा बुद्न तपइँको टाउकाभित्रको बउदिक छेमताले हत्तपत्त भ्याउँदैन भन्ने अन्नेज भ'काले नै मैले मुन माताको सब्जेटका कुरा लङकट डिट्टेलिङमा नबखानी सट्कट्मा भन्दाउँदी तपइँले अन्डिस्पिलिनहीन भइकिन बीच्चैमा कुरा काटेर तर्तर्किनु हुन्थ्यो त ? लु भइगो, अब म तपइँको घरबाड हिँने बरू ! अैले एति कुरा मेरा घराँ भया भादेखुन् जान्या थैं तपइँलाई खइँचेर ठेगान लाउन मैले !"....

हरिराम एकाएक जुरुक्क उठ्यो र भूइँकमा खुट्टा थेचार्दै हिड्यो ! र, ऊ अरू पनि के-के गन्गनाउँदै गइरहेतिर हेर्दै पाँडेले मनमनमा भन्यो -"मिल्ती-फुट्ती ! मिल्ती-फुट्ती ! मिल्ती-फुट्ती !... क्या हो - क्या हो यिनेरको चालामाला ! यही हो कि उँधेरले जानेको लोकतान्त्रिक गन्तन्त्र !".....

**सत्तापक्ष....** आवाज प्रतिपक्षकै हतियार बन्ने अवस्था आउनु हुँदैन । आलोचना आवश्यक छ, असहमति पनि आवश्यक छ । तर आलोचना तथ्यमा आधारित, असहमति जिम्मेवार र निर्णय संस्थागत हुनुपर्छ । जनताले खोजेको नयाँ राजनीति यही हो(सरकारलाई अन्ध समर्थन होइन, जिम्मेवार खबरदारी; नेतृत्वप्रति अन्धभक्ति होइन, तथ्यमा आधारित असहमति ।

रास्वपाले यही सन्तुलन कायम गर्न सक्यो भने अहिले उठेका प्रश्नहरू कमजोरी होइन, नयाँ राजनीतिक संस्कार निर्माण गर्ने अवसर बन्न सक्छन् ।

**दमकमा....**वडाअध्यक्ष पौडेलले बताए ।

रामजानकी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष **दिलकुमार माझी**ले मन्दिरलाई दमकको मात्र नभई पूर्वी नेपालकै महत्वपूर्ण धार्मिक आस्थाको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । जनकपुरमा रहेको रामजानकी मन्दिरको धार्मिक महत्वलाई दमकसम्म जोड्दै यहाँको मन्दिरको प्रचारप्रसार र प्रवर्द्धन गर्न आवश्यक रहेको उनको भनाइ छ ।

माझीका अनुसार मन्दिर परिसरमा पर्याप्त जग्गा रहेकाले भविष्यमा धार्मिक आस्थासँग सम्बन्धित विभिन्न संरचना निर्माण गर्न सकिन्छ । त्यसका लागि दमक नगरपालिका, वडा कार्यालय, स्थानीय टोल तथा नगरवासी सबैको सहकार्य आवश्यक रहेको उनले बताए । मन्दिर प्रचारप्रसारको कमीका कारण ओझेलमा परेको भन्दै उनले सञ्चारकर्मीसहित सबै पक्षलाई यसको धार्मिक महत्व बाहिर ल्याउन आग्रह गरे ।

२०७० साल चैतमा स्थानीयको जनश्रमदानसहित मन्दिर निर्माण गरिएको भए पनि आसपासका बासिन्दाबाहेक बाहिरबाट आउने श्रद्धालुको संख्या अपेक्षाकृत बढ्न नसकेको मन्दिरका **पुजारी**ले बताए । उनका अनुसार प्रशस्त जग्गा रहे पनि आवश्यक भौतिक पूर्वाधार निर्माण हुन नसक्दा यसको सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन ।

मन्दिर पूर्वतर्फ खोलाले घेरिएको र खोलाको डिल हुँदै दुवैतर्फ रुखले ढाकिएको शान्त वातावरण रहेकाले धार्मिक पर्यटनका लागि आकर्षक गन्तव्य बनाउन सकिने पुजारीको भनाइ छ । अब किरियापुत्री भवन निर्माणसँगै क्रमश: आवश्यक पूर्वाधार थप गर्दै मन्दिर परिसरलाई व्यवस्थित र आकर्षक धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने उनले बताए ।

स्थानीय **गंगा मगर**ले रामजानकी मन्दिर कुनै व्यक्ति वा समुदाय विशेषको नभई सबैको साझा आस्थाको केन्द्र भएकाले यसको विकासमा सबै दमकवासी जुट्नुपर्ने बताए । मन्दिर परिसरको सरसफाइमा विभिन्न स्थानीय समूह तथा टोलवासी सहभागी हुँदै आएको उल्लेख गर्दै उनले धार्मिक स्थलको संरक्षण र विकासमा राजनीतिक तथा सामाजिक विभाजनभन्दा माथि उठेर सहकार्य आवश्यक रहेको बताए ।

उनका अनुसार पूर्वी क्षेत्रमा रहेको महत्वपूर्ण रामजानकी मन्दिर पर्याप्त प्रचारप्रसारको अभावमा लामो समयदेखि छायामा परेको अनुभूति भए पनि पछिल्लो समय स्थानीय सरकारको ध्यान पुग्न थालेपछि यसको भविष्यप्रति आशा जागेको छ । मन्दिरमा दैनिक पूजापाठ हुँदै आए पनि बाहिरी क्षेत्रका श्रद्धालुलाई आकर्षित गर्न थप पूर्वाधार र प्रचारप्रसार आवश्यक रहेको उनले बताए ।

किरियापुत्री भवन निर्माणले तत्कालीन रूपमा आर्थिक रूपमा कमजोर परिवारलाई किरियाकर्मका लागि सहज स्थान उपलब्ध गराउनेछ भने दीर्घकालीन रूपमा रामजानकी मन्दिरको पहिचान र धार्मिक पर्यटन विकासको आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

**श्रमदाता....**अभियान चल्ने गरेको बताए । उनीहरु आजै शिलान्यास गरिएको दमक( ७ स्थित संरक्षण टोलको किरियापुत्री भवन आसपासमा पनि सरसफाई गरेर आइरहेको बताए ।

मिङमा राई सोतिहाङले श्रमदान भनेको मान्छेको मनबाट गरिने सेवाभाव हो । यो श्रमदान कहिलेसम्म चल्छ वा चलाईन्छ भन्ने सन्दर्भमा श्रमदान चलाउँदा जहिले जल्ने नचलाउँदा नचल्ने भन्दै ठट्यौली भाषामा उत्तर दिईन ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# दमकमा राहदानी र राष्ट्रिय परिचयपत्रको अनलाइन फाराम नि:शुल्क

दमक । इलाका प्रशासन कार्यालय दमकले राहदानी तथा राष्ट्रिय परिचयपत्रका लागि अनलाइन फाराम भर्न सेवाग्राहीलाई नि:शुल्क सहजीकरण गर्न सुरू गरेको छ । कार्यालयले बुधबारदेखि राहदानी र राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीका लागि कार्यालयबाटै नि:शुल्क फाराम भरिदिने सेवा सुरू गरेको हो । यससँगै कार्यालय आसपास खुलेका विभिन्न सेवा केन्द्रमा पुगेर अनलाइन फाराम भरेबापत शुल्क तिर्नुपर्ने बाध्यता अन्त्य भएको कार्यालयले जनाएको छ । यसअघि कतिपय सेवाग्राहीले फाराम भर्नका लागि बाहिरका व्यक्तिलाई शुल्क तिर्ने गरेका थिए । एक सय रुपियाँ शुल्क लिएर फाराम भरिने गरिएको थियो । इलाका प्रशासन कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, 'अब उप्रान्त अनलाइन फाराम भर्नका लागि बाहिरका अनधिकृत व्यक्तिहरूलाई कुनै शुल्क बुझाउनु पर्ने छैन।' इलाका प्रशासन कार्यालय दमकका प्रमुख विश्वराज नेपालले नि:शुल्क फाराम भर्ने व्यवस्था गत बुधबारदेखि सुरू गरिएको जनाए । उनका अनुसार अनलाइन फाराम भर्न सेवाग्राहीले कुनै अतिरिक्त शुल्क तिर्नु पर्दैन । फाराम भर्ने क्रममा समस्या भए कार्यालयमै आएर कर्मचारीको सहयोग लिन सकिने उनले जानकारी दिए । सेवाग्राहीले चाहेमा आवश्यक विवरण भरेर आफैँ अनलाइन फाराम तयार गरी कार्यालयमा ल्याउनसमेत सक्ने कार्यालय प्रमुख नेपालले बताए ।

# शुभलक्ष्मीले करोडसम्म विशेष परियोजना कर्जा दिने


जेवि खड्का

गौरादह । शुभलक्ष्मी सहकारी संस्था लिमिटेड गौरादहले आफ्ना शेयर सदस्यलाई एक करोड रुपैयाँसम्म विशेष परियोजना कर्जा उपलब्ध गराउने प्रस्ताव अघि सारेको छ । संस्थाले असोज ३ गते आयोजना गर्न लागेको २८औं वार्षिक साधारणसभामा प्रस्तुत गरिने प्रतिवेदनमा यस्तो प्रस्ताव समेटिएको हो ।

संस्थाका अध्यक्ष प्रकाश कार्कीले शनिबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको प्रतिवेदनअनुसार कम्तीमा तीन जना शेयर सदस्यको जमानी तथा आवश्यक धितोका आधारमा प्रतिकर्जा एक करोड रुपैयाँसम्म लगानी गर्ने प्रस्ताव गरिएको छ । यस्तो कर्जामा दुई वर्षसम्म ब्याजदर परिवर्तन नहुने व्यवस्था प्रस्ताव गरिएको अध्यक्ष कार्कीले जानकारी दिए ।

संस्थाका अनुसार आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म शेयर पुँजी ८ करोड ३९ लाख ८९ हजार ४ सय रुपैयाँ पुगेको छ । त्यस्तै जगेडा कोषमा ५ करोड ४१ लाख २० हजार ४५ रुपैयाँ तथा निक्षेप दायित्वतर्फ ६४ करोड ६१ लाख ५१ हजार ९ सय ७४ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । हाल संस्थामा ३ हजार ५ सय ९७ जना शेयर सदस्य छन् ।

गौरादह नगरपालिकाका बैगुन्धुरा र चप्रामारीमा गरी दुई स्थानबाट सेवा केन्द्र सञ्चालन गर्दै आएको संस्थाले सदस्यलाई विभिन्न सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ । सदस्यका लागि एक लाख रुपैयाँसम्मको दुर्घटना मृत्यु बीमा, उपचार नीतिअनुसार जीवनमा एकपटक बढीमा ५० हजार रुपैयाँसम्म उपचार सुविधा तथा सदस्य राहत कोषबाट मृत्यु राहत उपलब्ध गराउँदै आएको अध्यक्ष कार्कीले बताए । संस्थाले सदस्यलाई ३० भन्दा बढी प्रकारका सुविधा प्रदान गर्दै आएको जनाएको छ । सहकारीको सातौं सिद्धान्त 'समुदायप्रति चासो'लाई आधार बनाउँदै गौरादह बहुमुखी क्याम्पसलाई एक थान वाटर डिस्पेन्सर हस्तान्तरण गरिएको संस्थाले जनाएको छ । त्यस्तै जीवन ज्योति आधारभूत विद्यालयमा अध्ययनरत ४८ जना विद्यार्थीलाई स्टेशनरी सामग्री वितरण गरिएको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०